का.जि.प्र.का.द.नं. १००/०५९/६०

१३ जेठ २०७९,
शुक्रबार
27 May 2022,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १११ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# आक्रोश भरिएको सम्बोधन

प्रमुख विपक्षी दल एमाले अध्यक्ष ओलीले बिहीबार संसदमा करिब ३ घण्टा लामो सम्बोधन गरे । उनको सम्बोधन स्थानीय तहको चुनावमा भोग्नु परेको पराजय र एमाले विरुद्ध बनेको पाँच दलीय गठबन्धन विरुद्ध केन्द्रित थियो ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १२ जेठ ।

बिहीबार प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले करिब ३ घण्टा सम्बोधन गरे । संघीय संसदमा प्रस्तुत आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि धारणा राख्न रोष्ट्रम उक्लिएलका ओलीले नीति तथा कार्यक्रमलाई जोड्दै पाँच दलीय सत्ता गठबन्धन र गठबन्धनको सरकारमाथि मुख्यत तीन गम्भीर प्रश्नहरु उठाए । स्थानीय तहको चुनावी वातावरण, राज्य व्यवस्थाप्रति सरकारले लिएको नीति र वैदेशिक सम्बन्धमा सरकारको गतिविधिमाथि ओलीको प्रश्न छ ।

सरकारमाथि प्रश्न गर्दै गर्दा उनी कतै कतै ३० वैशाखमा भएको चुनावमा भोग्नु परेको पराजयमा भावुक भए । तर, उनले आफ्नो भावुकतालाई हाउभाउमा देखाएनन्, सरकार र सत्तागठबन्धनमाथि आक्रोश पोखे । समग्र चुनावदेखि लिएर शासन व्यवस्था हुँदै विदेश नीतिको विषय जोडेर राष्ट्र, राष्ट्रियता, राष्ट्रिय स्वाधिनताको प्रसंग उठाउँदै आक्रोशपूर्ण अभिव्यक्ति दिए ।

३० वैशाखमा 'निष्पक्ष, स्वतन्त्र, शान्तिपूर्ण स्वच्छ र भयरहित वातावरणमा स्थानीय तहको सम्पन्न' भएको सरकारको दाबीमा ओलीको सबै भन्दा पहिलो पश्न छ, 'निर्वाचन स्वच्छ हुन सकेन, धाँधलीरहित हुन सकेन, सत्तापक्षले बूथ कब्जा गरेको ठाउँमा प्रहरी निरीह भएर बसेको छ । उम्मेदवारको घरमा बम पड्काइएको छ । कसरी भयो चुनाव भयरहित ?'

एमालेलाई पत्तासाफ गर्ने घोषित नीति लिएर सत्ता गठबन्धनले जनतालाई धम्क्याएको पनि उनको आरोप छ । 'फलानालाई भोट नदिए 'देश दुर्घटनामा जान्छ' भनेर निर्वाचनको समयमा जनतालाई धम्की दिइयो । यस्तो अभिव्यक्तिले जनताले द्वन्द्वकाल सम्झिए । छोराछोरी विदेशिनु परेको सम्झिए । आतंक छाएको सम्झिए । जनता थरथर काम्ने स्थिति बन्यो' ओलीले भने ।

'प्रचण्ड' ले निर्वाचनअघि चितवनको भरतपुरमा आयोजित एक सभालाई सम्बोधन गर्दै सत्तागठबन्धनका मेयर/उपमेयरका उम्मेदवारलाई भोट नहाले देश दुर्घटनामा जाने चेतावनीपूर्ण अभिव्यक्ति दिएका थिए । 'सत्तागठबन्धन राष्ट्रिय आवश्यकता' भएको उल्लेख गर्दै उनले चितवनवासीले रेनु दाहाल र चित्रसेन अधिकारीको टिमलाई विजयी बनाए आफू उत्साहित हुने बताएका थिए ।

प्रचण्डको सोही अभिव्यक्तितर्फ संकेत गर्दै एमाले अध्यक्ष ओलीले भने, 'धम्कीपुर्ण अभिव्यक्तिपछि जनताले मान्छे मारिएका, अंगभंग भएका, त्यही चितवनमा बोरामा हालेर घिसारी-घिसारी मान्छेको हत्या गरिएको झलझल सम्झिए ।'

चुनावमा सत्तागठबन्धनले राज्य संयन्त्रको चरम दुरुपयोग गरेको, जनतालाई प्रलोभन बाँडेको, धम्क्याएको मात्रै नभएर 'पैसा बाँडिएको' गम्भीर आरोप लगाएका छन् । यसैमा जोडिएर ओलीले भनेका छन्, 'मैले सत्यमा आधारित भएर बोलेको छ होइन भने सरकारले असत्य सावित गरोस् ।' मतगणना पनि, धाँधलीरहित हुन नसकेको उनको आरोप छ । १४ दिनसम्म पनि परिणाम आउन नसक्नुको कारण मतगणनामा गरिएको नियोजित ढिलाई भएको भएको अध्यक्ष ओलीको दाबी छ ।

**व्यवस्थाप्रति अविश्वास !**

नेपालले अवलम्बन गरेको शासन व्यवस्थाप्रति अविश्वास जगाउने शब्दहरु सरकारको नीति तथा कार्यक्रममा आएको भन्दै ओलीले आक्रोश व्यक्त गरे । 'विज्ञहरुको संयन्त्र निमार्ण गर्ने, मन्त्रालय, जिल्लाको पुनवरालोकन गर्ने, पुर्नसंरचना गर्ने, खारेज गर्ने भनेर राज्य संयन्त्रलाई अनिश्चयको संकेत दिने भनाईहरु छ ।

– बाँकी पृष्ठ २ मा

## उस्तै अडान

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १२ जेठ ।

गत बैशाख ३० मा भएको स्थानीय निर्वाचनमा ठूलो हार ब्योहोर्नु परेपछि नेकपा एमालेका अध्यक्ष केपी ओली थप आक्रोशित बनेका हुन् । पटक पटक बोलीकै कारण आलोचित भएका ओलीले संसदमा गएर सत्ता गठबन्धनको बिरोध मात्रै गरेनन् चुनाव धाँधलीपूर्ण ढंगबाट सम्पन्न भएको आरोप समेत लगाएका छन् ।

'मैले शान्तिपूर्ण भयो होला भन्ने ठानेको थिएँ । दुर्गम र दुरदराजको रिपोर्ट आएको थिएन । तर, पछि रिपोर्टहरू आएपछि थाहा भयो । कति ठाउँमा बुथ कब्जा भए । कति ठाउँमा बम पड्काइए । कति ठाउँमा चुनाव स्थगित भए,' ओलीले भने । प्रतिपक्षलाई सिध्याउने घोषित उद्देश्यका साथ लोकतन्त्रको धज्जी उडाउने गरी निर्वाचनमा राज्यसंयन्त्र दुरुपयोग गरिएको ओलीको टिप्पणी थियो ।

संसदमा बोल्दा उनले नीति तथा कार्यक्रमलाई 'चास्नीमा नडुबाएको जेरी' को संज्ञा 'बुँदा नम्बर १३६ ले ढुक्कसँग भ्रष्टाचारलाई प्रवर्द्धन गर्ने घोषणा गरेको छ, होइन भने मलाई गलत सावित गर्नुस्,' ओलीले दाबी गरे, 'बुँदा नम्बर ७३ र ७७ हेरिसकेपछि बाँकी १४३ बुँदाको पनि सहजै अनुमान गर्न सकिन्छ ।'

अध्यक्ष ओलीले आफूलाई भ्रष्टाचारमा जोडेर प्रचार गर्नेहरुलाई संसदको रोष्ट्रमबाट कडा जवाफ फर्काउँदै व्यक्तिगत सबै सम्पत्ति राज्यको नाममा गरेको उनको दाबी छ । 'मैले आफ्नो र श्रीमतीको नामको सबै चलअचल सम्पत्ति राज्यको नाममा गरेको छु । मैले राज्यका नाममा सम्पत्ति ल्याइदिन भ्रष्टाचार किन गर्नपर्ने ? कुनै महानुभाव निस्किनुस् न राज्यका नाममा सम्पत्ति हस्तान्तरण गर्ने ? केपी ओलीलाई मुखभरिको जवाफ दिन भए पनि घोषणा गर्नुस् त ?' ओलीले भने ।

केही दिनअघि काठमाडौं आएकी अमेरिकी उपविदेशमन्त्री उज्रा जिया तिब्बती शरणार्थी शिविरमा पुगेको विषयका सन्दर्भमा ओलीले सरकारको परराष्ट्र नीतिको चर्को आलोचना गरेका छन् ।

– बाँकी पृष्ठ २ मा

# उल्टियो चोलेन्द्रको 'चित्त'मा लागेको फैसला

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ जेठ ।

सर्वोच्च अदालतले पत्नी हत्याको अभियुक्त सशस्त्र प्रहरीका तत्कालीन नायब महानिरीक्षक (डीआइजी) रञ्जन कोइरालालाई जन्मकैद (२० वर्ष) जेल सजाय हुने फैसला सुनाएको छ ।

यसअघि निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा र न्यायाधीश तेजबहादुर केसीको संयुक्त इजलासले गरेको फैसलालाई उल्टयाउँदै बिहीबार कामु प्रधानन्यायाधीश दीपककुमार कार्की, न्यायाधीशहरु टङ्कबहादुर मोक्तान र डा कुमार चुडालको पूर्ण इजलासले जन्मकैदको जेल सजाय हुने फैसला गरेको हो ।

निलम्बित प्रधानन्यायाधीश जबरा र न्यायाधीश केसीको इजलासले पत्नी हत्या अभियोगमा सजाय काट्दै आएका कोइरालालाई कैद छुट दिँदै २० वर्षको जन्मकैदलाई साढे आठ वर्षमा झार्ने फैसला गरेको थियो ।

निलम्बित प्रधानन्यायाधीश जबरा र तेजबहादुर केसीको इजलासले २०७७ असार १५ गते कोइरालालाई ११ वर्ष छ महिना छुट दिने फैसला

> कोइरालाले श्रीमती गीता ढकाललाई जलाएको स्वीकार गरे पनि सजायमा कानूनसम्मत नगरी छुट दिएको विषयमा सर्वत्र विरोध भएको थियो ।

सुनाएको थियो ।

त्यसबेला फैसलामा कोइरालाको श्रीमती गीताको मृत्युपछि दुई नाबालक छोराको हेरचाह, संरक्षण एवं शिक्षादीक्षा लगायतका कार्य अभिभावक विहीनताको कारणले अनिश्चय र अन्योल हुन गई उनीहरुको हितमा दूरगामी प्रभाव पर्न जाने कारणले जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने जस्तो चित्तमा लागेको भनी कोइरालालाई आठ वर्ष छ महिना कैद हुने ठहर गरिएको थियो ।

चोलेन्द्रको इजलासले गरेको आदेशसँगै कोइराला साढे आठ वर्ष कैद भुक्तान सकेर घर फर्किएका थिए ।

कोइरालाले श्रीमती गीता ढकाललाई जलाएको स्वीकार गरे पनि सजायमा कानूनसम्मत नगरी छुट दिएको विषयमा सर्वत्र विरोध भएको थियो । उक्त फैसला विवादमा परेपछि सरकारले विसं २०७७ साउन ११ गते पुनरावेदन दर्ता गरेको थियो ।

बिहीबार अदाललते चोलेन्द्रले उक्त फैसलालाई उल्टयाउँदै कोइरालालाई जन्मकैद हुने फैसला गरेसँगै अब कोइरालाले अब थप साढे ११ वर्ष कैद भुक्तान गर्नुपर्ने हुन्छ ।

## नीति तथा कार्यक्रम:
# ९१ बुँदामा संशोधन प्रस्ताव



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १२ जेठ ।

संघीय संसदमा प्रस्तुत सरकारको नीति तथा कार्यक्रममाथि ९१ बुँदे संशोधन प्रस्तावको सूचना पेश भएको छ । ६५ पृष्ठमा १४५ बुँदामा समेटिएका नीति तथा कार्यक्रममाथि प्रतिनिधिसभामा विभिन्न राजनीतिक दलका ६ सांसदले ८१ बुँदामा र राष्ट्रियसभाका ५ सांसदले १० बुँदामा संशोधन प्रस्तावको सूचना पेश गरेका हुन् ।

प्रतिनिधिसभामा प्रमुख विपक्षी दल नेकपा एमालेका हृदयेश त्रिपाठी, शेरबहादुर तामाङ, भीमबहादुर रावल र खगराज अधिकारीले संशोधन प्रस्ताव पेश गरेका छन् ।

राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष एवं सांसद दुर्गा पौडेल र नेपाल मजदूर किसान पार्टी (नेमकिपा)का सांसद प्रेम सुवालले पनि संशोधन प्रस्तावको सूचना पेश गरेका छन् ।

एमाले सांसद तामाङले प्रस्तुत नीति तथा कार्यक्रमको बुँदा नं २३ मा कृषिमा आकर्षण दिन संसदमा गैरसरकारी विधेयकको रुपमा दर्ता भएको गाँजाखेतीलाई नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक छलफलमा ल्याई पारित गरी वैधानिकरण गर्ने ब्यहोरा थप्न माग गरेका छन् ।

नीति तथा कार्यक्रममाथि तीन बुँदामा संशोधन प्रस्ताव राखेका एमालेका अर्का सांसद अधिकारीले बुँदा नं १३९ मा 'लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रबाट विदेशी फौज हटाउन तुरुन्त पहल गरिनेछ' भन्ने ब्यहोरा थप्न माग गरेका छन् ।

१९ बुँदामा संशोधन प्रस्ताव पेश गरेका नेमकिपाका सांसद सुवालले बुँदा नम्बर ३६ मा संशोधन प्रस्ताव पेश गर्दै अन्तर्राष्ट्रिय कानुन विपरीत नेपालको भूमि डुवानमा पर्ने गरी भारतले बनाएको सीमा बाँध र तटबन्ध भत्काउन आवश्यक कूटनीतिक र कानुनी पहल गर्ने कुरा थप गर्न प्रस्ताव गरेका छन् ।

जनमोर्चाकी सांसद दुर्गा पौडेलले बुँदा नम्बर ७ संशोधन प्रस्ताव पेश गर्दै लिपुलेक लिम्पियाधुरा र कालापानीबाट भारतीय सेना फिर्ता गर्ने ब्यहोरा राख्नुपर्ने प्रस्ताव गरेकी छन् ।

यसैगरी, राष्ट्रिययसभामा नेकपा (एमाले) का सांसदहरु भगवती न्यौपाने, भैरवसुन्दर श्रेष्ठ र विमला घिमिरेले संशोधनका सूचना पेश गरेका छन् । लोकतान्त्रिक समाजवादी पार्टीका सांसद शेखरकुमार सिंह र राष्ट्रपतिबाट मनोनित सांसद डा. विमला राई पौड्यालले पनि संशोधनका सूचना पेश गरेका छन् । संसद सचिवालयका अनुसार उनीहरुले १० बुँदामा संशोधनको सूचना पेश गरेका छन् ।

डा राई र पौडेलले बुँदा नम्बर २६ मा संशोधन प्रस्ताव पेश गर्दै प्राङगारिक मलमा अनुदानसहित सातै प्रदेशमा प्राङगारिक मल कारखाना खोलिने र रासायनिक मलमा अनुदान हटाई आपूर्ति सहज गरी प्राङगारिक मलमा अनुदान बढाउन माग गरेकी छन् ।

सांसद सिंहले बुँदा नं १०८ मा संशोधन प्रस्ताव प्रस्तुत गर्दै डडेल्धुरामा मेडिकलकलेज सञ्चालनमा ल्याइने भन्ने उल्लेख गरिएकोमा सोही बुँदामा सप्तरीको राजविराजमा पनि रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन गर्ने वाक्य थप गर्ने प्रस्ताव गरेका छन ।


एमालेका सांसदहरु न्यौपाने, श्रेष्ठ र घिमिरेले संयुक्त रुपमा पाँच बुँदा (१५, १७, ४३, ७२ र ७९) संशोधन प्रस्ताव पेश गरेका छन् । उनीहरुले वित्तीय हस्तान्तरणको विषय विरोधाभाषपूर्ण भएको, पूर्ववर्ती आयोजना अलपत्र पार्नेगरी आएको, स्वच्छ खानेपानी उपलब्ध गराउने कुरा र बूढीगण्डकी आयोजना तथा सरकारले पूरा गर्नुपर्ने योजना निजी क्षेत्रलाई जिम्मादिने कुरा सान्दर्भिक नभएको भन्दै संशोधन माग गरेका छन् ।

# पोखराबाट पनि श्रम स्वीकृति हुन्छ : मन्त्री श्रेष्ठ

**मध्यान्ह संवाददाता**
पोखरा, १२ जेठ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले आगामी आर्थिक वर्षदेखि पोखरामा वैदेशिक रोजगारसम्बन्धी सेवा विस्तार गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । पोखरा महानगरपालिकाका नवनिर्वाचित पदाधिकारीको शपथ ग्रहण कार्यक्रमलाई बिहीबार सम्बोधन गर्दै मन्त्री श्रेष्ठले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल संचालन भएसँगै वैदेशिक रोजगारीमा जानेलाई सहज सेवा दिन वैदेशिक रोजगार कार्यालय स्थापना हुने बताए ।

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा पनि पोखराबाट समेत वैदेशिक रोजगारसम्बन्धी सेवा उपलब्ध गराइने उल्लेख गरिएको चर्चा गर्दै मन्त्री श्रेष्ठले पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल हुँदै वैदेशिक रोजगारीमा जाने श्रमिकहरू श्रम स्वीकृतिका लागि काठमाडौं जान नपर्ने गरी सवै सेवा उपलब्ध गराइने बताए ।



पोखरालाई नेपालको पर्यटकीय राजधानीको रुपमा घोषणा गर्न सहयोग गर्ने प्रतिवद्धता पनि मन्त्री श्रेष्ठले जनाए । नवनिर्वाचित महानगरपालिका प्रमुख धनराज आचार्यले शपथ ग्रहणसँगै पोखरालाई नेपालको पर्यटकीय राजधानीको रुपमा घोषणा गर्न मन्त्रिपरिषद्समक्ष प्रस्ताव पेश गर्न आग्रह गर्ने निर्णय गरेका छन् । मन्त्री श्रेष्ठले देशकै ठूलो महानगर पोखराको विकासका योजना, सम्पदा संरक्षण, फोहर व्यवस्थापन लगायतका काममा संघीय सरकारबाट पूर्ण सहयोगको प्रतिवद्धता जनाए । पोखराको सबैभन्दा ठुलो समस्या ठानिएको ल्याण्डफिल साइट व्यवस्थापनका लागि पनि संघीय सरकारले सहयोग गर्ने उनले बताए । पोखरा महानगरपालिका प्रमुखमा नेकपा (एकीकृत समाजवादी) का नेता धनराज आचार्य निर्वाचित भएका छन् ।

**वैदेशिक रोजगार विशेष**

## मलेसिया पठाइएका कामदारको विवरण पठाउने म्याद २६ जेठसम्म

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले मलेसियासँग श्रम सम्झौता भएपछि पठाइएका कामदारको विवरण पठाउने म्याद १५ दिन थप गरेको छ । यसअघि गत जेठ ५ गते सात दिनभित्र विभागमा मलेसिया पठाएका कामदारको विवरण पठाउन पत्राचार गरेको विभागले वैदेशिक रोजगार व्यवसायी संघको लिखित आग्रहमा १५ दिन समय थप गरेको हो ।

संघका संयोजक विमलप्रसाद ढकालले केही व्यवसायी स्थानीय तहको निर्वाचनका लागि राजधानी बाहिर र केही व्यवसायी विदेशमा रहेको भन्दै विभागले दिएको एक हप्ताको समय अपर्याप्त भएको भन्दै म्याद थप गर्न लिखित आग्रह गरेका थिए ।

विभागले संघबाट प्राप्त पत्र र आग्रहसमेतलाई ध्यान दिएर म्याद थप गरिएको भन्दै थपिएको म्यादमा तोकिएको ढाँचामा अनिवार्यरूपमा विवरण पठाउनुपर्ने बताएको छ । थप भएको म्याद जेठ २६ गतेसम्म रहेको छ ।

– बाँकी पृष्ठ २ मा

# इयुको प्रतिबन्ध सूचीबाट हटाउन माग



**काठमाडौं/मस–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आले तथा नेपालका लागि युरोपियन युनियनका राजदूत नोना डिप्रेजबीच बिहीबार मन्त्रालयमा भेटवार्ता भएको छ।

मन्त्री आले तथा राजदूत डिप्रेजबीच नेपालको उड्डयन क्षेत्र सुरक्षित भएकाले इयुको सेफ्टी लिष्ट (प्रतिबन्ध) बाट नेपाललाई कसरी हटाउने भन्ने विषयमा छलफल भएको मन्त्री आलेका निजी सचिव मनोज अधिकारीले जानकारी दिए।

उक्त भेटवार्ताका क्रममा मन्त्री आलेले राजदूत डिप्रेजलाई अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन आइकाओले नेपालको उडान सुरक्षाका आठ क्षेत्रमा नियामक निकायको हैसियतमा पालना गरेका कार्यको परीक्षणमा परिपालना दर प्रारम्भिक नतिजाअनुसार ७०.१ प्रतिशत रहेको र यो दर विश्वका अन्य देशका तुलनामा औसतभन्दा बढी भएकाले नेपाली आकास सुरक्षित रहेको बताए।

उनले भने, 'आइकाओको नतिजाअनुसार नेपाली आकास सुरक्षित रहेको भन्ने देखाएको छ, अब नेपाल इयुको प्रतिबन्ध सूचीबाट हट्नुपर्छ।'

आठ वर्षअघि इयुले नेपालको हवाई सुरक्षा कमजोर भएको मूल्याङ्कन गर्दै कालोसूचीमा राखेको हो। उता नेपालले हवाई सुरक्षाका क्षेत्रमा राम्रो सुधार गरेको भन्दै अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन आइकाओले नेपालको नाम आफ्नो कालोसूचीबाट हटाइ सकेको छ। इयुले नेपालको हवाइ क्षेत्रमा अन्तर्राष्ट्रिय मापदण्डबमोजिम पाइलटको योग्यता र तालिम हुनुपर्ने जनाएको थियो।

सोही भेटवार्ताका क्रममा नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का महानिर्देशक ई प्रदीपकुमार अधिकारीले हाल प्राधिकरणले अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन आइकाओको मापदण्डअनुसार पाइलटको योग्यता र तालिम व्यवस्थित रहेको जानकारी पनि दिएका थिए।

हाल नेपाल वायुसेवा निगम, बुद्ध एयर र हिमालय एयरलाइन्स गरी तीन वटा नेपाली वायुसेवाले अन्तर्राष्ट्रिय उडान गर्ने गरेका भए पनि इयुको कालोसूचीबाट नहटेसम्म युरोप उडान गर्ने अवस्था नभएको बताइएको छ।

# लमजुङका आठ पालिका प्रमुखमा पुरुष मात्रै

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, १२ जेठ




लमजुङका आठ स्थानीय तहको प्रमुख पदमा सबै पुरुष निर्वाचित भएका छन्। चार नगरपालिका र चार गाउँपालिकाको प्रमुख पदमा पुरुष निर्वाचित हुँदा महिला नेतृत्व शून्य भएको हो।

विसं २०७४ को स्थानीय तह निर्वाचनमा एउटा मात्र दूधपोखरी गाउँपालिकामा महिला प्रमुख निर्वाचित भएकी थिइन्।

गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा बेसीशहर नगरपालिकामा मंगोल अर्गनाइजेशन नेशनलले प्रमुख पदमा कुलुकुमारी गुरुङलाई उम्मेदावर बनाएको थियो। उनी निर्वाचनमा पराजित भइन्।

नेकपा (एमाले), नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र)लगायत ठूला दलले प्रमुख पदमा महिला उम्मेदावर नबनाउँदा महिला सहभागिता शून्य हुन पुगेको हो।

जिल्ला सदरमुकामसमेत रहेको बेसिशहर नगरपालिका उपप्रमुखमा एमालेबाट पदमा गुरुङ, सुन्दरबजार नगरपालिका उपप्रमुखमा भवानी केसी, मध्यनेपालमा सीता गुरुङ, क्व्होलासोथर गाउँपालिका उपाध्यक्षमा गमी गुरुङ र मर्स्याङ्दी गाउँपालिका उपाध्यक्षा जुनामाया थापा निर्वाचित भएका छन्। एमालेले आठवटै पालिकामा उपप्रमुख तथा उपाध्यक्षमा महिला उम्मेदावर बनाएको थियो। पहिलो स्थानीय तह निर्वाचनमा जिल्लामा एक पालिका प्रमुख र चार उपप्रमुखमा महिला निर्वाचित भएका थिए।

**आक्रोश ...**

यो राज्यको कोर सिस्टमप्रतिको अविश्वास हो'ओलीले भनेका छन्।

सरकारले संसदमा प्रस्तुत नीति मार्फत 'वैज्ञानिक आधारमा जिल्ला पुनरावलोकन गरी हिमाली र दुर्गम जिल्लाहरुमा खाद्यान्न र नुन ढुवानी गर्ने कार्यलाई प्रभावकारी बनाउने' घोषणा गरेको छ। तर, यो घोषणा दुषित मनसायका साथ आएको अध्यक्ष ओलीको टिप्पणी छ। 'अहिलको सरकारको कामै होइन जिल्ला पुनवरालोकन गर्ने, बेला पनि भएको छैन् गर्न पनि, सक्दैन के लेखेको यो ?' ओलीको प्रश्न छ।

प्रस्तुत नीति तथा कार्यक्रमले राज्य संयन्त्रमा अनिश्चियको संकेत गरेको ओलीको टिप्पणी छ। भन्छन्, 'यो दस्तावेज देशमा स्थिरता र स्थायित्व हुन नदिने अस्थिरताका सम्वाहक शक्तिबाट अस्थिरताका चहनाका साथ बनाइएको गठबन्धनको अस्थिताकै घोषणापत्र हो।'

**विदेश नीति**

एमाले अध्यक्ष ओलीले सरकारले देशको कूटनीतिक सम्बन्धलाई अप्ठेरोमा पारेको गम्भीर आरोप लगाएका छन्। खासगरी ओलीले अमेरिकी विदेश मन्त्रालयको नागरिक सुरक्षा, प्रजातन्त्र तथा मानवअधिकार सम्बन्धी उपमन्त्री उज्रा जियाको नेपाल भ्रमणलाई लिएर प्रश्न उठाएका हुन्। उपमन्त्री उज्रा जियालाई नेपालस्थित तिब्बती शरणार्थी क्याम्पमा पुऱ्याएर शरणार्थीहरुलाई उक्साउने काम नेपाल सरकारले गरेको आरोप अध्यक्ष ओलीको छ।

स्थानीय तहको निर्वाचन प्रचारका क्रममा हुल्लाको लिमी पुग्दा आफूले भ्रमण अनुमति लिएको उल्लेख गर्दै उनले थपे, 'आफ्नै देशको भ्रमण गर्दा मैले पूर्वप्रधानमन्त्री र प्रमुख विपक्षी दलको संसदीय दलको नेताले सरकारसँग अनुमति लिएको थिँए। उपविदेशमन्त्री आएर इजाजत लिनुपर्छ कि पर्दैन ? लिनुपर्छ भने कसरी दिनुभयो ? कसको पक्षमा इजाजत दिनुभयो ? कसको विपक्षमा दिनुभयो ?'

उपमन्त्री जियाको भ्रमणमा केन्द्रीत रहेर ओलीले अनेक कोणबाट प्रश्न गरे, 'स्कटिङ लिएर एउटा सहायक मन्त्री आउँदा गुम्बा-गुम्बामा कहाँ-कहाँ जाने ? अरे ! कस्तो छिमेक सम्बन्धप्रतिको इमान्दारिता हुन्छ कि हुँदैन ? अनुमतिबिना नेपालको छिमेक सम्बन्धलाई असर पुग्ने स्थानमा भ्रमण गर्दा सरकार के हेरेर बस्यो ?'

संविधानमा नै सन्तुलित परराष्ट्र नीति र नेपालको भूमि कुनै पनि देशका विरुद्ध प्रयोग हुन नदिने वाचा सरकारले भुलेको भन्दै उनले प्रधानमन्त्री शेरबहादुर देउवालाई प्रश्न गरे, 'सम्मानीय प्रधानमन्त्रीज्यू, मैले उठाएका प्रश्नहरुको जवाफ आउनुपर्छ। नेपाल एक चीन नीतिमा छ कि छैन ? सन्तुलित, एउटाका विरुद्ध अर्कोको भूमि प्रयोग हुन नदिने नीतिमा अडिग छ कि छैन ?'

परराष्ट्र नीतिलाई असन्तुलित र सत्ता स्वार्थमा संकुचित गरिएको ओलीको आरोप छ। 'हाम्रो परराष्ट्र नीतिलाई असन्तुलित, आवेगपूर्ण र गठबन्धनको सत्ता स्वार्थमा संकुचित बनाएको छ,' ओलीले भने।

परराष्ट्र नीतिमा सरकार चुकेको, सन्धि सम्झौता गर्दा प्रमुख प्रतिपक्षी दललाई जानकारी समेत सरकारले नदिएको उनको आरोप छ। उनले सरकारलाई छिमेकी सन्बन्धका संवेदनशीलता बुझ्न आग्रह गरे। वर्तमान सरकारलाई अस्थायी र म्यादी सरकारको संज्ञा दिँदै उनले एक चीन नीतिप्रति नेपालको प्रतिवद्धतामा छद्म नीति नलिन आग्रह गरे।

**उस्तै...**

प्रहरी स्कर्टिङमा उपविदेशमन्त्री तिब्बती शरणार्थी शिविरमा पुगेको भन्दै यसले नेपालको एक चीन नीतिप्रति प्रतिवद्ध नरहेको देखिएको उनले भनाई थियो। साथै अध्यक्ष ओलीले अहिलेको सरकार म्यादी भएको र केही समय पछि आफूहरुले सरकारको नेतृत्व गर्ने दाबी गरेका थिए।

उनले एमाले फुटाउन सभामुखले भूमिका खेलेको भन्दै आलोचना गरेका छन्। 'साउन २५ गते हामीले निष्कासन गरेको सांसदहरुको भदौ १ गते सम्माननीय सभामुखकहाँ हामीले प्रस्तुत गरिसकेको कुरालाई १० दिन पर्खिएर 'अरुको चाहिँ ढोकाबाटै लिएर सूचना जारी गर्नपर्ने। एमाले फुटाउन पदीय मर्यादा सबै बिर्सिएर एमाले फुटाउन जे पनि गर्न हुने ? कुनै मर्यादा राख्न नपर्ने ?' उनले प्रश्न गरे।

७ वटा महानगरमा शून्य र देशका धेरै स्थानमा पराजय हासिल गरेपनि एमाले पहिलो पार्टी भएको अध्यक्ष ओलीको दाबी छ। 'डरले त्रासले यसपल्ट पनि केही भोट दिएकै देखियो। तर उधुमै चर्चा चल्यो नेकपा एमाले ध्वस्त भयो, समाप्त भयो भनेर।' उनले बजारमा यस्तो माहोल खडा गरिएको भन्दै भने, 'म अहिले पनि भन्न चाहान्छु केही सिटले एमाले पछि परेको छ, लोकप्रिय भोटमा एमाले सबै पार्टीभन्दा अगाडि छ र एक नम्बर पार्टी छ।' अघिल्लो चुनावमा जितेका धेरै सिट गुमाउँदा समेत भाषणमा ओलीको दम्भ नघटेको भन्दै आलोचना चुलिएको छ।

**मलेसिया...**

विभागले हालै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री र मन्त्रालयका उच्च अधिकारीहरूको मलेसिया भ्रमणमा नेपाल आउने डिमाण्डमा अनुचित चलखेल भएको गुनासो आएपछि त्यसमा अनुसन्धान भइरहेको भन्दै विवरण पठाउन भनेको छ। विभागले कामदार मलेसिया पठाउँदा रोजगारदाताबाट प्राप्त भएको हवाई टिकट, सेवा शुल्क लगायतका आम्दानीको विवरण पनि सँगै राखी विभागको इमेलमा पठाउनुपर्ने बताएको छ।


## भूल सुधार

मिति २०७९/०२/१२ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित कुवेतमा रोजगार शिर्षकको चलानी नं.: ६०१७९७७५, L.T. No.: 263619 र कम्पनीः LOCARB FOOD FOR FOODSTUFF CO. को विज्ञापनमा महिला कामदारको पद Cashiers Assistant र Kitchen Helper को माग संख्या ५-५ जना हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ।

माउण्ट कञ्चन इन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ८९२/०६६/०६७
पि.ओ.बक्स: ८९७५, इ.पि.सि. ८९३, पिङ्गलास्थान-९,गौशाला
फोन: ४४८१०८१, ४४९९०९४, फ्याक्स: ४४८०७४५
Email:info@mountkanchan.com.np | Website: mountkanchan.com



## म्यानपावर चाहियो

चालु अवस्थामा रहेको तर कुनै पनि निकायमा उजुर बाजुर नभएको ईजाजत प्राप्त म्यानपावर तुरुन्त बिक्रि गर्न चाहनुहुनेले सम्पर्क गर्नुहोला।

सम्पर्कः
9808938374



## प्रदेश जनस्वास्थ्य प्रयोगशाला

विराटनगर, मोरङ

### सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रकाशित मिति :– २०७९/०२/१३**

यस कार्यालयवाट तपसिलमा उल्लेखित कार्य सिलवन्दी दरभाउपत्र वाट गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजतपत्र प्राप्त तथा योग्य इच्छुक फर्म, कम्पनी तथा निर्माण व्यावसायीहरुवाट फर्म दर्ता तथा नविकरणको प्रमाणपत्र, मु .अ. कर दर्ता तथा आ. व. २०७७०७८ को करचुक्ताको प्रमाण पत्रको प्रतिलीपी सहित रितपूर्वकको शलवन्दी दरभाउपत्र पेश गर्न यो १५ दिने सूचना प्रकाशन गरिएको छ। यस सम्वन्धि विस्तृत जानकारीको लागी कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

तपशिल

| सि.नं. | ठेक्का नं. | कार्य विवरण | कुल ल. ई. रकम रु मुअकर वाहेक र कन्टिजेन्सी वाहेक | धरौटी रकम रु. | दरभाउ पत्र खरिद दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | ०१/२०७८/०७९ | कम्पाउण्ड वाल निर्माण | १५२३७००।०० | ३८०००।०० | १०००।०० |
| २. | ०२/२०७८/०७९ | ग्यारेज, जेनेरेटर रुम निर्माण | १००९१३४।०० | २५०००।०० | १०००।०० |

सम्पर्क नं.: ०२१-५११०४९



## म्याग्दी गाउँपालिका

म्यागङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश

### बोलपत्र छनौट गर्ने आशयको सूचना।

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०२/१३)**

यस कार्यालयको मिति २०७९/०१/०७ गते हिमालय टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हनु आएका बोलपत्रहरुको मुल्यांन हुँदा न्यनुतम मुल्याकिंत र सारभतु रुपमा प्रभावग्राहि देखिन आएको निम्न विवरण अनुसारको बोलपत्र छनौट गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ बमोजिम र सोही दफाको उपदफा ३ को प्रायोजनार्थ बोलपत्र स्वीकृतिको लागि ७ दिने सूचना सम्बन्धीत सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।

तपिशलः

| क्र. सं. | ठेक्का संकेत नं. | कबोल अंक(भ्याट सहित) | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|---|
| १ | MRM/NCB/G/01/078–79 | रु. ३४,९०,९१९.२७/- | Junkiri Industries Pvt.Ltd, Butwal |



## कुवेतमा रोजगार

कम्पनी : AL-RUWAD ENVIRONMENTAL SERVICES CENTER
शहरः KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/१०/२० | चलानी नं.: ६०१७३९०४ | L.T. No.: 257462 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Lite Labor | 81 | 0 | स. काममा दक्ष | 90 | ३५,९८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ जेठ २० गते (3 June 2022) हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

सिप्रङ्गस् नेपाल ह्युमेन रिसोर्स प्रा. लि.
श्रम इजाजत पत्र नं. ८२९/०६६/०६७,
कुसुन्ती, ललितपुर, फोन नं.: ५५४१७९७, ५५४६४२६
फ्याक्सः ५००१७९८ मो. ९८४१६६७३३९, ९८०१२००६७५, ९८०१२००६७७, ९८०१२००६७६



## ZERO COST RECRUITMENT Opportunity for Malaysia!!

शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!Free Food | Transportation | Accommodation from Hometown to Airport!

नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित ! घर देखि एयरपोर्ट सम्म नि:शुल्क खाना । यातायात । आवास !

Goodhart Industries Sdn. Bhd. was founded in 1996. The company's line of business includes the manufacturing of plastics products.

रोजगारदाता कम्पनीः गुडहार्ट इन्डस्ट्रीज एसडिएन बिएचडि (४०२६६०-यु)
Employer Company : GOODHART INDUSTRIES SDN BHD (402660-U)

| पूर्व स्वीकृत मितिः २०२२/०५/२६ | चलानी नं: ६०१७९७८१ | एल टि नं : २६३६७६ |
|---|---|---|
| Pre Approval Date: 2022/05/26 | Invoice No.: 60179781 | LT No.: 263676 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | मासिक तलब Monthly Salary रिङ्गिट MYR | ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविध Accomo-dation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | औद्योगिक कामदार Factory Worker | ४०० 400 | 0 0 | १५०० 1500 | ४२,१७८ 42,178 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

नोटः आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा आबेदन गर्न आमन्त्रित गरिएको छ। आबेदक वा आबेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन।

Note: Applicants. are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा बनाउने पासपोर्टको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Passport Making Cost at Origin Country | स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ने.रु. ५,०००/– रोजगारदाताले ब्यहार्ने NPR 5000/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।– उमेर ३६ देखि ५०: ने.रु.४९३१।– उमेर ५१ देखि ६४: ने.रु.९४६३।– By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।– रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।– रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

प्रि–अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा धमाधम भईरहेको छ। साथै, ग्रमीण वैदशिक रोजगार भर्ति अभियानको प्रि–अन्तर्वाता होटल दिभोटि, हसनपुर कैलाली जिल्ला, धनगढीमा २०७९, जेठ १७ गते मंगलबार र १८ गते, बुधबार हुँदैछ।

Pre-Interview being conducted at the IMR Office, Gwarko, Lalitpur in full swing. And Pre Interview for Village Recruitment Campaign is being held at Hotel Devotee, Hasanpur Kailali District Dhangadhi, Nepal on 31 May i.e. on Tuesday & 1 June 2022 i.e. on Wednesday.

फाइनल अन्तर्वार्ता आईएमआर अफिस ग्वार्को, ललितपुरमा मिति २०७९ जेठ २२, २३ र २४ गते हुनेछ।
Final Interview will be held at IMR Office, Gwarko, Lalitpur on 5, 6 & 7 June 2022.

ईन्टरनेशनल म्यानपावर रिकुटमेन्ट (आईएमआर) को कुनै शाखा तथा मध्यस्थकर्ता छैन। बैदेशिक रोजगारमा जाने कामदारहरुबाट आईएमआरले कुनै पनि भर्ना शुल्क लिने छैन। यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने।

International Manpower Recruitment P. Ltd (IMR) does not have any branch or mediator representative. IMR is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ।
IInterview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.

अबैध भर्तीकर्ताहरुदेखि साबधान रहनुहोस् /Beware of Illegal Recruiters

धोखाधडी, अबैध क्रियाकलाप वा भ्रष्टाचार बिरुद्ध गुडहार्टको स्वतन्त्र पार्टी हटलाइन हटलाइन नं +९७७ ९८०७१९९३२० मा वा ईमेल imr.grievance@gmail.com मा रिपोर्ट गर्न नहिचकिचाउनुहोस्। हामी तपाईको गोप्नीयता सुनिश्चित राख्नेछौं। Feel free to report against fraud, illegal activities or corruption in IMR's Hotline +9779807199320 or email at imr.grievance@gmail.com. We shall maintain your confidentiality.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

International Manpower Recruitment (P) Ltd.
Gwarko 7, Lalitpur, Nepal, Tel.: 01-5204346, 5204347, 5204348

# बहिरा नागरिकलाई समस्या नै समस्या

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ जेठ



सर्लाहीकी कान नसुन्ने'बहिरा' युवती केहि समय अगाडि बलात्कृत भइन् । तर घटनाका अभियुक्त अझै फरार छन् । उक्त पुरुषले निलो कपडा लगाएका थिए । अहिले पनि ती युवती निलो कपडा लगाएको व्यक्ति देख्ने बित्तिकै तर्सिन्छिन् । उनले अझै पनि न्याय पाउन सकेकी छैनन् ।

बहिरा भएका महिलाहरु बलात्कार लगायतका यौन हिंसा भोग्न बाध्य भएका छन् ।

अर्कोतर्फ बहिरा भएका नागरिकका लागि हरेक क्षेत्रमा समस्या नै समस्या हुने गरेको छ । उनीहरु यातायातदेखि सरकारी कार्यालय र घरपरिवारबाटै विभेद भोग्न बाध्य भएका छन् । अर्कोतर्फ उनीहरु यौनजन्य हिंसाको बढी शिकार हुने गरेका छन् । भाषाको समस्याका कारण उनीहरुले न्यायसमेत पाउन नसकेका धेरै उदाहरणहरु छन् ।

**यौनजन्य दुर्व्यवहार भोग्न बाध्य**

महोत्तरीमा केहि समय अगाडि एक बहिरा महिलामाथि यौन दुर्व्यवहार भयो । महोत्तरी बहिरा संघको प्रतिनिधिले उक्त घटनाको बयानदेखि अदालती काम कारबाहीसम्मका लागि सांकेतिक भाषाको सहजीकरण गर्ने प्रस्ताव राख्यो । तर पीडक एक न्यून आर्थिक स्तर भएको कारण र उनको भरमा परिवार पाल्नुपर्ने भएको भन्दै प्रहरीले मुद्दालाई अगाडि बढाउन चाहेन । त्यसपछि उक्त घटना त्यहि सेलायो ।

**सेवा सुविधा पाउनबाटै बञ्चित**

विराटनगरकी एक ३१ वर्षीय महिला कोभिडको लक्षण देखा गरेपछि अस्पताल पुगिन् । उनले शुरुको दिन बुझाउन नसकेर त्यतिकै घर फर्किइन् । अर्को दिन पनि उनको लक्षण कम हुन सकेन । त्यो दिन उनी अस्पताल पुगेर स्वास्थ्यकर्मीलाई भेटेर मोबाइलबाट दोभासेलाई भिडियो कल गरी पीसीआर जाँच गराएर फर्किइन् । सामान्य पीसीआर जाँच गर्नका लागि पनि संचारको आभावले दुःख पाएको उनको गुनासो छ ।

महोत्तरी जिल्लामा रहेका बहिरा नागरिकहरु आफ्नो अपाङ्गता परिचय पत्र पाउनबाट बञ्चित भएका छन् । वडा/नगरपालिकाको कार्यालयमा बहिरा व्यक्तिहरु परिचय पत्र बनाउन भनेर जाँदा प्राविधिक रूपमा कानको जाँच गर्नुको सट्टा नगरपालिकाका कर्मचारीले बहिरा व्यक्तिको कानको छेउमा ताली पड्काएर आधा सुन्छन् भन्दै पहेलो रंगको परिचय पत्रको सिफारिस गर्ने गरेको उनीहरु गुनासो गर्छन् ।

कतिपयले आफुले पहेलो नभएर निलो रंगको परिचय पत्रको माग राख्दा उल्टो कर्मचारीले अपाङ्गता भत्ताको २५ देखी ५० प्रतिशतसम्म कमिसन माग्ने गरेको गरेको उनीहरुको गुनासो छ ।

**सञ्चारका कारण समस्या**

सुनिता शर्मा र सरोज लामिछाने एक आपसमा वैवाहिक जीवनमा बाँधिएको ३ वर्ष भयो । एक वर्ष अगाडि उनीहरुमा सन्तान जन्माउने रहर भयो । तर केहि समयसम्म पनि सुनिता गर्भवती भइनन् । समस्या भएपहिचान गर्नका लागि उक्त दम्पत्ती स्वास्थ्यकर्मीलाई भेट्न गए ।

स्वास्थ्यकर्मीसँग सल्लाह लिएर स्वास्थ्यकर्मीले नै दिएको औषधि पनि लिएर घर फर्किए । सुनिताले स्वस्थ्यकर्मीले दिएको औषधि सेवन गर्दै थिइन् । त्यस बीचमा एक दिन महिला दोभासेसँग भिडियो कल गर्दा स्वास्थ्यकर्मीलाई भेटेर औषधि लिएको र उक्त औषधि सेवन गर्दै गरेको बताएकी थिइन् । तर पनि गर्भ नबसेको बताएपछि सोध खोज गर्दा उक्त औषधि गर्भ निरोधक पिल्स चक्की रहेको पाइएको थियो ।

पैत्रिक सम्पत्तिबाट बञ्चित

ओखलढुंगाका छिरी शेर्पा एक बहिरा हुन् । उनी आफ्नो पैत्रिक सम्पत्ति/अंश पाउनबाट बञ्चित भएका छन् । उनको ४ दाजुभाइ । त्यसमा जेठो दाजु सुन्ने रहेछन् । अन्य ३ भाई बहिरा । बुवा सानैमा बितेका थिए ।

काम गर्ने शिलशिलामा कोहि भारत र उनी काठमाडौं बस्दै आएका थिए । पछि आमाको निधन भएपछि सबै सम्पत्ति दाजुले आफ्ना सबै भाइहरुको मृत्यु भएको भनि सम्पत्ति आफ्नो नाममा गरे । पछि उनले थाहा पाए र उनीहरुले अदालती प्रक्रिया पनि शुरु गरेका छन् ।

**शारीरिक तथा मानसिक यातना**

कालिन्चोक, सुर्खेतका एक १७ वर्षीय बहिरा युवालाई सँगै पढ्ने साथीले दिनदिनै अपांगता भएकै कारणले विविध यातना दिने गर्थे । वर्षौंसम्म यातना सहँदै आएका उनले स्कुल जान छोडिदिए । उनको कुरा सुनिदिने पनि कोहि भएनन् । घर परिवारसँग कुरा राखे पनि उनीहरुले गम्भीर रूपमा लिएनन् । पछि भेरी बहिरा संघमा कुरा राखेपछि बहिरा संघका प्रतिनिधि, दोभासे, समाजका व्यक्ति, परिवार र पीडकलाई राखेर पीडितलाई सम्झाउने र पीडकलाई खबरदारी गरि पठाइएको थियो ।

यी त केहि उदाहरण मात्रै हुन् । तर पछिल्लो समय बहिरा भएका व्यक्तिहरु घर परिवार, समाज र राज्यबाट नै उपेक्षित हुने गरेका छन् ।

राष्ट्रिय बहिरा महासंघ नेपालका अध्यक्ष केपी अधिकारी प्रत्येक सार्वजनिक कार्यालयमा दोभासे नहुँदा आजपनि बहिरा भएका व्यक्तिले समस्या भोग्न बाध्य भएको बताउँछन् । सार्वजनिक कार्यालयमा दोभासेको व्यवस्था नहुँदा सुन्न नसक्ने र बोल्न नसक्ने नागरिकलाई सेवा लिन समस्या भएको उनको भनाइ छ ।

उनी भन्छन्, 'सांकेतिक भाषाका शब्द चार हजार ७०० मात्रै रहेको बताउँदै बहिरा नागरिकलाई गुणस्तरीय शिक्षाका लागि 'एक जिल्ला, एक बहिरा विद्यालय' को व्यवस्था गर्नुपर्छ । सांकेतिक भाषाको विकास गर्न साङ्केतिक भाषा अनुसन्धान केन्द्रको स्थापना गर्नुपर्ने देखिन्छ ।' ७५३ वटै स्थानीय तहमा दोभासेको व्यवस्था गर्नुका साथै दोभासे उत्पादन गर्न तालिम केन्द्रको स्थापना गर्नुपर्ने, बहिरा नागरिकको सीप, क्षमता र आवश्यकताका आधारमा रोजगारीको व्यवस्था गर्नुपर्ने उनी बताउँछन् ।

देशका विभिन्न स्थानमा कानले नसुन्ने र बोल्न नसक्ने महिलामाथि जबर्जस्ती करणी गरिएको र दोषीमाथि कारवाही हुन नसकेको उनको गुनासो छ । अध्यक्ष अधिकारीले भन्छन्, 'अपाङ्गता ऐन विभेदकारी छ, ऐनले अपाङ्गताभित्र पनि बहिराको सवालमा विभेदकारी व्यवस्था गरेको छ, त्यसलाई संशोधन गर्नुपर्छ, अर्को कुरा नीतिगतरूपमा राज्यका संरचनामा बहिरा नागरिकको प्रतिनिधित्व हुन जरुरी छ ।'

यस्तै उनी नीतिगत तहमा बहिरा व्यक्तिको पनि सुनिश्चित हुनुपर्ने बताउँछन् ।

युनिसेफद्वारा प्रकाशित एक प्रतिवेदनअनुसार अनुसार पाँचदेखि १२ वर्ष उमेरका कूल अपाङ्गता भएका बालबालिकामध्ये ३० प्रतिशत बालबालिका अझै विद्यालयभन्दा बाहिर छन् ।

# चार दिनपछि आफन्तले बुझे शव



**चरीकोट/मस–** टिपरको ठक्करबाट मृत्यु भएको एक वृद्धको शव चार दिनपछि बिहीबर आफन्तले बुझेका छन् । दोलखाको गौरिशंकर गाउँपालिका-७ मार्बुमा टिपरको ठक्करबाट मृत्यु भएको लालबहादुर विकको शव चार दिनपछि बिहीबार आफन्तले जिम्मा लिएका हुन् ।

मृतकका परिवारसँग भएको छलफलबाट टिपर चालकलाई कानूनी कारवाही गरिने र मृतकका परिवारलाई क्षतिपूर्ति दिने सहमति भएपछि आफन्तले शव बुझेको जिल्ला प्रहरी कार्यालय दोलखाका प्रहरी निरीक्षक सुशील केसीले बताए । गौरिशंकर-७ मार्बुमा यही जेठ ९ गते ७० वर्षीय विकलाई ठक्कर दिँदा उनको घटनास्थलमा नै मृत्यु भएको थियो । टिपरको ठक्करले मृत्यु भएपछि टिपर चालकलाई कारवाहीको माग गर्दै परिवारले शव बुझ्न मानेका थिएनन् । टिपर चालक हालसम्म फरार रहेको र खोजीकार्य भइरहेको प्रहरीले जनाएको छ ।

**Malaysia मा रोजगारको अवसर**

१. कम्पनी: P.A. Extrusion (M) Sdn. Bhd.
शहर: Malaysia

पूर्व स्वीकृत मितिः २०७९/०२/०३ चलानी नं.: ६०१७९१८१ LT. No.: 262959 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ २० गते (3 June 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**वाईड-स्पेस इन्टरनेशनल प्रा. लि.**
हार्भेष्टमुन बिल्डिङ 4th Floor, टुकुचा चोक-२, गैरीधारा, काठमाडौं,
मोबाइल : ९८०८७५०७४२, ९८०१००९४००
श्रम इजाजत नं. ३८९/०५९/०६०

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६५/११/१८ मा दर्ता भएको **प्रा.लि. नं. ६०७६६** को **गंगा लक्ष्मी आवास एण्ड इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/०२/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (२) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७९/०२/१३

यस कम्पनीको मिति २०७९/०१/१० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिक कम्पनी **ब्याक टु नेचर बेड एन्ड ब्रेकफास्ट प्रा.लि. (प्रा.लि. नं. २२३४६१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०१/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ब्याकयार्ड बाई ब्याक टु नेचर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**नेपाल सरकार**
**उद्योग मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदाबी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७६/१२/०३ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. २३६४७८/०७६/०७७ को **उन्नतशील कृषि तथा पशुपंशी पालन केन्द्र प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरीपाउँ भनि यस कार्यालयमा निबेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस यस कार्यालयमा मिति २०७७१२।१६ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. २६०५६०।०७७।०७८ को **कोहिनुर अटो प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९।०२।१२ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## Kalyanpur Municipality

## Office of the Municipal Executive

Kalyanpur., Siraha
Madhesh Pradesh, Nepal

**Invitation for Bids**

**Date of publication: 2079-02-13**

1. Kalyanpur Municipality, Office of the Municipal Executive, Kalyanpur, Siraha invites sealed bids from Nepalese eligible Suppliers for the supply, delivery & bidders for the following Construction/Suppliers work as shown in table below of National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Kalyanpur Municipality, Office of the Municipal Executive, Kalyanpur , Siraha, Phone No. 033403063,9852834363, Email: kalyanpurmun2073@gmail.com.
3. A complete set of Bidding Documents may be purchased from the office Kalyanpur Municipality, Office of the Municipal Executive, Kalyanpur , Siraha by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as shown in table below.
4. Pre-bid meeting shall be held at Kalyanpur Municipality, Office of the Municipal Executive, Kalyanpur , Siraha at 12:00PM on 2078-03-12
5. Sealed bids must be submitted to the office Kalyanpur Municipality, Office of the Municipal Executive, Kalyanpur , Siraha by hand/courier as shown in table below. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at shown in table in below. At the office of Kalyanpur Municipality, Office of the Municipal Executive, Kalyanpur , Siraha. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security, amounting to a minimum of as shown in table below, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If bidder wishes to submit the Bid Security in the form of Cash, the cash should be deposited in Bid Security Account.
   **Bank Information :**
   Name of the Bank :- Machhapuchhare Bank, Kalyanpur Branch
   Name of Office :- Kalyanpur Nagarpalika
   Office Code no. :- 801021602
   Office Account no :- (ग-3) 0810110818500042
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submissions.
9. Matters not covered in this tender notice shall be in accordance with public procurement act, 2063 with amendment, public procurement regulation, 2064 and other prevailing rules and regulations of Nepal.
10. Quality control and test shall be performed in accordance with the "Standard Specifications for Building" and Bidders shall include all expenditure for quality control and tests in items rates.
11. The bidders are required to present their notary public for verification of document if so felt by the employer.
12. Bids shall be disqualified if bid forms submitted does not match standard forms provided in bid documents.
13. Any amendment on bidding document shall be posted on Notice board of office.
14. In the case of discrepancies or error in bidding document, Tender notice or any other document, Kalyanpur Municipality, Office of the Municipal Executive, Kalyanpur , Siraha. reserves the right to amend and correct at any time.
15. Bidders are advised to visit sites and assess the actual site conditions before submitting their bids.
16. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| Contract No/Id | Description of Work | Estimated Amount (Without VAT & Contingency) | Bid Security Amount | Last Date of Bid Purchasing | Bid Document Price | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|
| KM-01-2078/079 | Nagar Karypalikako Bhawanko Mathilo Talla Nirman Karya. | 2575000/00 | 77500/00 | 2079/03/11 Up to 4:00 pm | 3000.00 | 2079/03/12Time upto12.00hrs | 2079/03/12 Time upto14.00hrs |
| KM-02-2078/079 | Construction of First Floor Finishing work of Healthpost Building with Birthing Centre, Kalyanpur Municipality, Ward No:-9 | 5135000/00 | 154500/00 | 2079/03/11 Up to 4:00 pm | 3000.00 | 2079/03/12Time upto12.00hrs | 2079/03/12 Time upto14.00hrs |
| KM-03-2078/079 | Pashu Asaptal Nirman Kary | 2575000/00 | 77500/00 | 2079/03/11 Up to 4:00 pm | 3000.00 | 2079/03/12Time upto12.00hrs | 2079/03/12 Time upto14.00hrs |

**Kalyanpur Municipality**
**Office of Municipal Executive**

मध्यान्ह
www.madhyanhadaily.com
१३ जेठ २०७९, शुक्रबार
27 May 2022, Friday

## सम्पादकीय

### न्याय नपाएका मनहरू

राजधानी उपत्यकाको सिंहदरबार छेऊ छ, माइतीघर मण्डला। त्यहाँ अग्लो खम्बामा राष्ट्रिय सरकारले फहराएको छ। त्यो झण्डा राखिएको उचाइले सायद राजधानी उपत्यका राम्रोसँग देख्न सकिन्छ। सिंहदरबारको पश्चिम दक्षिण कुना छेऊमा उभिएको झण्डाले सिंहदरबारभित्रका शासकीय भवनहरू नदेखिने कुरै रहेन। सम्भवतः सुन्धरामा उभ्याइएको धरहरासँग प्रतिश्पर्धी उचाइमा त्यो झण्डा फहाइएको छ। तर त्यही माइतीघर मण्डला सधैं अधिकार र न्यायको माग राखेर आन्दोलित भइरहन्छ। इन्धनको मूल्य अचाक्ली बढाएको विरोधमा विद्यार्थीहरू त्यही आन्दोलित छन्। त्यही भएर देशभर आन्दोलन फैलिएको छ। सँगै, केही दिनदेखि माइतीघर मण्डलामा न्याय माग्नेहरूको प्रदर्शन पनि चलिरहेकै छ। छात्राको न्याय र जातीय विभेदसँग जोडिएका, तर उद्देश्य भने समान न्यायकै राखेर पट्टी बाँधेका प्रदर्शनकारी माइतीघर मण्डलामा उत्रिएका छन्।

जातीय विभेदका कारण चौरजहारीमा भएको नरसंहारका पीडितहरू न्याय माग्दै काठमाडौं आइपुगेका छन्। उनी त्यही राष्ट्रिय झण्डा मुनि बसेका छन्, न्याय मागिरहेका छन्। अर्को समूह भने किशोरीमाथि शृङ्खलाबद्ध रूपमा भइरहेको हिंसाका दोषीलाई कार्बाहीको माग गरिरहेका छन्। राजधानी उपत्यकाकै एक कलेजका एक शिक्षकलाई आफ्नै विद्यार्थीमाथि यौन हिंसा गरेको आरोप लागेको छ। दिनहुँ कार्बाहीको मागसहित आन्दोलन भइरहेको छ। कलेजमै किशोरी आफ्नै शिक्षकबाट सुरक्षित नभएका अन्य घटना पनि सार्वजनिक हुँदै आएको छ। मोरङका एक विद्यालयमा शिक्षकमाथि पनि आफ्नै विद्यार्थीलाई यौन हिंसाको आरोप लागेको थियो। पत्राउका क्रममा भएको झडपमा एक प्रहरी युवतीले ज्यान गुमाइन्।

अधिकारकर्मीहरूले किशोरी विद्यालय सुरक्षित नहुनुलाई खतरनाक सूचकका रूपमा व्याख्या गर्दै आएका छन्। अझ आठ वर्ष अगाडि सौन्दर्य प्रतियोगिताका क्रममा आयोजकबाटै प्रतियोगिता किशोरी बलात्कृत भएको भिडियो सन्देश सार्वजनिक भएको थियो। पीडित महिलाले नै आफूमाथि बलात्कार हुँदा डिप्रेसनमै गएको वयान भिडियोमा गरेकी थिइन्। उनको न्यायका निम्ति पनि माइतीघर मण्डला एकपटक आन्दोलित हुन पुगेको थियो। ती प्रदर्शन पनि न्यायको मागकै निम्ति थियो। अर्थात् कुनै बेला राजनीतिक अधिकार निम्ति सधैं आन्दोलित हुने रत्नपार्ककै झल्को आजभोलि माइतीघर मण्डलाले दिने गरेको छ। तर प्रदर्शनको उद्देश्य भने फरक छ। त्यसबेला राजनीतिक अधिकार निम्ति रत्नपार्क प्रदर्शित हुने गरेकोमा अहिले माइतीघर मण्डला न्यायका निम्ति आन्दोलित हुने गरेको छ। तर सरकारले न्यायको प्रत्याभूति गर्न सकेको छैन। यदि त्यस्तो हुन्थ्यो भने न्यायको हात फैलाएर माइतीघर मण्डला प्रदर्शित भइरहनु पर्ने थिएन।

# गठबन्धनको राजनीति

*छिमेकी देश भारतमा पनि गठबन्धन गर्दा विचार, नीति कार्यक्रममा समता भएकाहरूका बिचमा गरेको देखिन्छ तर, नेपालमा त्यो पनि भएन। सबैले सबैसँग गर्ने र सबैले एउटालाई पछार्न बाँकीले गर्ने यस्तो चरित्र देखियो।*

अग्रलेख



● हिरामणि दुःखी

स्थानीय निकायको चुनाव सम्पन्न हुँदैछ। अब करिब मतगणना कार्य पनि अन्तिम चरणमा जाँदै छ। चुनावी परिणामबाट जित्ने पार्टी र तिनका नेता कार्यकर्ता हौसिने र पराजित पार्टी र तिनका नेता कार्यकर्ता निरास हुने त मानवीय स्वभावकै हो। त्यसका अतिरिक्त पराजित समूहले विजेत समूहलाई धोखाधडी, धाँदली, घात प्रतिघात, खरिद बिक्री गरेको, सत्ता शक्तिको दुरूपयोग गरेको आदि इत्यादि आरोप लगाउनु पनि यो कथित लोकतन्त्रको 'सौन्दर्य' भित्रै पर्ने कुरा हो। यो चुनावी समीक्षाको अनिवार्य गणितीय शूत्र पनि हो। यसमा चुनावमा सहभागी दलहरूले आश्चर्य मान्नु र प्रतिवाद गर्नु जरुरी पनि छैन। यो वर्षौंदेखि चल्दै आएको छ। त्यो विषयप्रति चासो लिनु त्यति सान्दर्भिक पनि देखिन्न। यहाँ अहिलेको चुनावले दिएको नतिजाबाट अब हुने के हो त भन्ने विषयमा चर्चा गर्ने प्रयास गरिएको छ।

अहिले मुलतः सत्तासिन पाँच दलको एउटा गठबन्धन र अर्कातर्फ घोषित अघोषित रूपमा एमाले वरिपरिको अर्को गठबन्धन वा मोर्चाका बिचमा चुनावी प्रतिस्पर्धा भएको छ। गठबन्धन निर्माण, गठबन्धनको चुनावी एजेण्डा, जसरी हुन्छ चुनाव जित्ने तर्फ केन्द्रीत थियो। गठबन्धनको शैली र प्राप्त चुनावी परिणामले देशमा दुई दलीयताको अभ्यासतिर जाने संकेत गरेको छ। यद्यपि कतिपय सानातिना भनिएका र क्षेत्रीय दलहरूले पनि छिटफुटरूपमा चुनाव जितेका छन्। तथापि, चुनावको मुख्य परिवेश भने कांग्रेस, एमाले र माओवादी केन्द्रको वरिपरि केन्द्रित रहेको छ। यी संसदमा प्रतिनिधित्व गर्ने प्रमुख तीन दलहरूकै वरिपरि गोलचक्कर काट्नेमा नेकपा एस, जसपा, तमलोपा, राजमो, नेमकिपा, राप्रपालगायतका संसदमा प्रतिनिधित्व गर्ने दलहरू र अन्तिममा आएको विप्लव नेतृत्वको नेकपासमेत रहेका छन्।



